SILVER JUBILEE 1995 रहने छ भने सबभन्दा तल अर्धगोलाकारमा नै नेपालीमा रजतजयन्ती २०५२ अंकित रहने छ ।

| | | |
|---|---|---|
| दर | – | रु. १० |
| आकार | – | गोलो |
| व्यास | – | २९ मि.मि. |
| धातु | – | ७५ प्रतिशत तामा, २५ प्रतिशत निकेल |
| सिरेशन | – | साधा |
| तौल | – | ८.५ ग्राम |
| अधिकतम निष्काशन | – | ५००,००० थान |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सूचना

### पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको पाटन संग्रहालय विकास समिति सम्झनुपर्छ ।

(ख) "संग्रहालय" भन्नाले पाटन संग्रहालय सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।